# *मेचीनगर नगरपालिका कार्यालय*

## *ईटाभट्टा, झापा*

*कर, शुल्क अशुली ठेक्का सम्बन्धीको शिलबन्दी बोलपत्र आह्वानको सूचना*

**प्रथम पटक सूचना प्रकाशित** **मिति २०७२/०३/२९**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १४४, १४५ तथा स्थानीय स्वायत्त शासन संसोधन सहितको नियमावली २०५६ को नियम १४७ का श्रोतहरुमा स्थानीय स्वायत्त शासन आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ बमोजिम यस मेचीनगर नगरपालिकाको शुल्क असुली गर्न तपशिलमा उल्लेख भएको न्युनतम अंकमा नघटाई आ.व. २०७२/२०७३ वर्ष एकको वाकी अवधीको लागि तोकिएको शर्त बन्देजमा रही ठेक्का लिन चाहने इच्छुक फर्मले सूचनामा तोकिएको मिति र समयभित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा, बिर्तामोड नगरपालिका कार्यालय बिर्तामोड, भद्रपुर नगरपालिका झापामा रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि योः सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ वा WWW.mechimun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

***तपशिल***

१) बोलपत्र फारम मेचीनगर नगरपालिका कार्यालयबाट उल्लिखित मिति र समयभित्र बोलपत्र वापत तोकिएको दस्तुर ( पछि फिर्ता नहुने गरी) तिरी नगरपालिकामा तिर्न बुझाउन पर्ने बक्यौता भए चुक्ता गरेको प्रमाण र फर्म नविकरण गरेको प्रतिलिपी सहित निवेदन पेश गरी खरीद गर्न सकिनेछ

२) गोप्य शिलबन्दी बोलपत्र, सूचनामा तोकिएको मिति, समय र कार्यालयहरुमा दर्ता गराई सक्नु पर्नेछ ।

३) धरौटी बापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) रकम न.पा.को नाउँमा रहेको नेपाल बैंक लिमीटेड काँकरभिट्टा स्थित धरौटी हि.नं.ग-३-०१ (५१-३९६)मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको ९० (नब्बे) दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । नगद धरौटी लाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व कवुल अंकको ५% (पाँच) प्रतिशतका हिसावले हुन आउने थप धरौटी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा आ.ब.२०७२/२०७३ को आषाढ सान्त सम्मको अवधिको मान्यता प्रप्त बैकबाट मेचीनगर नगरपालिकाको नाममा जारी गरिएको परफरमेन्स वण्ड (बैंक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

४) दर्ता भएका बोलपत्रहरु फारम दाखिला गर्न आउने अन्तिम दिन, दिनको २:०० बजे सरकारी कार्यालयका प्रतिनिधी र बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) स्वीकृत बोलपत्रको कबोल अंकलाई बराबरी ३ (तिन) किस्तामा बिभाजन गरि हुन आउने रकमलाई किस्ता कायम गरी पहिलो किस्ता अग्रीम संझौता गर्दा कै वखत बैंक दाखिला गरी बाँकी रकमको धितो बापत यस कार्यालयका नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको बाँकी रकम बराबरको कम्तिमा २०७३ साल आषाढ मसान्तसम्मको अवधिको परफरमेन्स बण्ड (बैक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

६) ठेक्का सम्बन्धमा नेपाल सरकार वा संघ संस्थालाई कुनै कर दस्तुर तिर्नु बुझाउनु परेमा ठेकेदार आफैले बुझाउनु पर्नेछ

७) किस्ता बुझाँउदा यस मेचीनगर नगरपालिका कार्यालयको नाममा रहेको ने.बै.लि. काकरभिट्टाको हि.नं.ग–४-३–०१(५१-४३५) मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद निवेदन साथ यस कार्यालयमा दाखिल गर्नु पर्नेछ । स्वीकृत कबोल अंक एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिईने छ ।

८) ठेकेदारले म्यादभित्र किस्ता रकम नबुझाएमा बुझाउन बाकी रहेको किस्ता रकममा नगरपालिकाले १०% (प्रतिशत) का हिसाबले थप जरिवाना लिन सक्ने वा ठेक्का बदर गरी धरौटि समेत जफत गरि अर्को व्यवस्था गर्न सक्ने छ । त्यसरी अर्को व्यवस्था गरी काम सम्पन्न गराउँदा नगरपालिकालाई हुन गएको नोक्सानी समेत निज ठेकेदार बाटै असुल उपर गरिनेछ ।

९) बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । तर अक्षरमा स्पस्ट अर्थ नलागेमा अंकलाई मान्यता दिईनेछ ।

१०) ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

११) बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

१२) विशेष परिस्थिति बाहेक ठेकेदारले कुनै किसिमको कारण देखाई ठेक्का मिनाहा पाँउ भनी निवेदन दिएमा न.पा.ले ठेक्का अंक मिनाहा दिने छैन ।

१३) रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

१४) नगरपालिकाले तोकि दिएको दररेट भन्दा बढी दररेटमा रकम लिएको वा उठाएको पाईएमा नगरपालिकाले एक पटकमा रु २०००।०० सम्म जरिवाना असुल गर्ने, सोही कसुर दोहोरिएमा सो को डबल जरीवाना लिने वा ठेक्का वदर गर्ने वा दुबै गर्न सक्नेछ ।

१५) ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ ।

१६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले सात दिनभित्र कबुलियत गरि पट्टाचलनपूर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार दोश्रो घटीवाला संग ठेक्का संझौता गर्न वा अन्य व्यवस्था गर्न सकिने छ ।

१७) शुल्क असुल गर्दा प्रयोग गरिने रसिद, एवम् अन्य आवश्यक भौतिक सामाग्रीहरु समेतको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ । कर असुल गर्ने रसिद नगरपालिकाबाट प्रमाणीत गरी न.पा को छाप लगाई प्रयोग गर्नु पर्नेछ । अन्यथा पाईएमा पटकै पिच्छे रु १०००।०० सम्म जरिवाना गर्न सकिनेछ

१८) तोकिएको स्थलमा तोकिएको मात्र शुल्क उठाउन पाईने छ । अन्यथा उठाएको प्रमाणित हुन आएमा त्यस्तो बढी रकम फिर्ता गर्न लगाई पटकै पिच्छे रु १०००।००(एक हजार) सम्म जरीवाना गर्न सकिने छ ।

१९) एक फर्मले एक ठेक्काको एउटा मात्र बोलपत्र खरिद गर्न पाउनेछ । बोलपत्र दाता स्वंय उपस्थित हुन नसकेमा मञ्जुरी साथ निजको प्रतिनिधीले मात्र बोलपत्र खरिद गर्न पाउनेछ ।

२०) ठेक्का स्वीकृत भई कार्यादेश लिएको ७ (सात) दिनभित्र कार्यादेश अनुसारको दर रेट वोर्ड कर दाताले प्रष्ट देख्ने गरी कर असुली चौकीमा राख्नु पर्ने छ । त्यसरी वोर्ड नराखी कर शुल्क उठाएको पाईएमा पहिलो पटक ७ (सात) दिन भित्र वोर्ड तयार गर्ने गरी सचेत गराईने छ । तोकिएको समय भित्र समेत वोर्ड नराखेमा पटकै पिच्छे रु २०००।०० ( दुईहजार) सम्म जरिवाना गर्न सकिने छ

२१) नगरपालिकाले भुक्तानी पाउने व्यहोराको बैंङ्क ड्राफ्टलाई मान्यता दिइनेछ । त्यस्तो बैंक ड्राफ्ट सटही वा भुक्तानी लिंदा लाग्ने बैंक महसुल ठेकेदारले बुझाउनु पर्नेछ ।

२२) कुनै तार, चिठ्ठी, टेलिफोन र फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२३) ठेकेदार फर्म, व्यक्ति वा संघ-संस्थाले नगरपालिकालाई कुनै पेश्की, बांकी बक्यौता, कर, दस्तुर तिर्न बुझाउन बाँकी भई बक्यौता देखिएमा त्यस्तो ठेकेदार, फर्म व्यक्ति वा संघ-संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन ।

२४)सम्पुर्ण ठेक्काको कर, शुल्कको दररेट टेण्डर फारम साथ उपलब्ध हुनेछ ।

२५) सुचनामा उल्लेखीत दिनहरु विदा परेमा सो को भोलीपल्टलाई मानिने छ ।

२६) उल्लेखीत शर्त वाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम वमोजिम हुने छ ।

| सि.नं. | ठेक्काको नाम | वार्षिक न्युनतम अंक रु | फारम दस्तुर रु | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम दाखिला गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई सेवा शुल्क | **३१,००,०००/००** | **१०००/००** | सूचना प्रकाशित भएको मितिले ३० औं दिनको ४:०० बजे सम्म | सूचना प्रकाशित मितिले ३१ औं दिनको १२.०० बजेसम्म | |
| २ | सवारी पार्किङ्ग शुल्क काँकरभिट्टा बसपार्क | **१६,११,२,२२/००** | **१०००/००** | सूचना प्रकाशित भएको मितिले ३० औं दिनको ४:०० बजे सम्म | सूचना प्रकाशित मितिले ३१ औं दिनको १२.०० बजेसम्म | |
| ३ | सार्वजनिक शौचालय सेवा शुल्क मेचीनगर ३ हाटवजार | **३०,०००/००** | **३००/००** | सूचना प्रकाशित मितिले १५ औं दिनको ४.०० वजे सम्म | सूचना प्रकाशित मितिले १६औं दिनको १२.०० वजे सम्म | |

मेचीनगर नगरपालिका कार्यालय
ईटाभट्टा,झापा